# अन्तिम लेखापरीक्षण प्रतिवेदन
## भिमाद नगरपालिका, तनहुँ

## आर्थिक वर्ष २०७५।७६

## महालेखापरीक्षकको कार्यालय
काठमाडौं

***Serving the Nation***

***and***

***the People***

## दूरदृष्टि (Vision)

जनहितकालागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

## गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल

(बागमती र गण्डकी प्रदेश लेखापरीक्षण महानिर्देशनालय)

पत्र संख्या:२०७६/७७
च.नं : ७७६

मिति: २०७७/३/२४

श्री प्रमुखज्यू,
भिमाद नगरपालिका,
तनहुँ ।

**विषय: लेखापरीक्षण प्रतिवेदन ।**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारबाहीको लागि अनुरोध छ ।

(बामदेव शर्मा अधिकारी)
नायव महालेखापरीक्षक

# महालेखापरीक्षकको भनाई



**टंकमणि शर्मा, दंगाल**
**महालेखापरीक्षक**

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको आधारमा महालेखा परीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७५।७६ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसंग सम्बन्धित ऐन, नियम समेतको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जूमा एबं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । स्रोत साधनको प्राप्ती र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रबर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न भएपश्चात् जारी प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरी राय सहितको अन्तीम प्रतिवेदनजारी गरिएको छ । प्रतिबेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययीता, दक्षता र प्रभावकारीता आउने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शीता प्रर्बद्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः स्थानीय तहमा प्राप्त हुने अनुदान, आन्तरिक आय र राजश्व बाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आयतर्फ सङ्कलन न्यून रहेको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात् बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, अत्याधिक प्रशासनिक खर्च गरेको, वितरणमूखी खर्चको बाहुल्यता रहेको जस्ता प्रबृति देखिएका छन । विकास निर्माणतर्फ योजना प्राथामिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिएबमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् । स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक शीपयुक्त जनशक्तिको कमी रहेको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । गत विगतमा लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार तथा बेरुजू उपर अपेक्षित रुपमा आवश्यक कारबाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गर्ने प्रयास गरिएको थियो । लेखापरीक्षणको क्रममा स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापनमा सुधार हुने, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु । आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा गर्दछु ।

२०७७ आषाढ २७ गते ।

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल

(वागमती तथा गण्डकी महानिर्देशनालय)

पत्र संख्या : २०७६।०७७
च.नं : ८६४

मिति: २०७७।३।२५

श्री प्रमूखज्यू,
भिमाद नगरपालिका कार्यालय,
तनहुँ ।

**विषयः लेखापरीक्षण प्रतिवेदन ।**

**कैफियत सहितको राय :** हामीले भिमाद नगरपालिकाको आर्थिक वर्ष २०७५।७६ को बित्तिय विवरण र त्यस सङ्ग सम्बन्धित आय व्यय बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७५।७६ को बित्तिय विवरण र त्यस सङ्ग सम्बन्धित अन्य बिबरणले स्थानीय तह सङ्ग सम्बन्धित प्रचलित कानून बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको रायव्यक्त गर्ने आधार**

१. पालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्बजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी बित्तिय बिबरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रु. ५५ लाख ६४ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु. ८ लाख २१ हजार, नियमित गर्नुपर्ने रु.४७ लाख ४३ हजार रहेको छ ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७६।०६।१५ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितका प्रमाण कागजातका आधारमा फछ्र्यौट भएका दफाहरु हटाई कायम व्यहोराको अन्तीम प्रतिवेदन पाना तेह्र (१३) यसैसाथ संलग्न छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसङ्ग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तह संग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकारीको जिम्मेवारी :** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार संचालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । नगर कार्यकारिणी, अध्यक्ष र प्रमुख प्रशासकिय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी :** वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्तता सम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षण सङ्ग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउन सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विषेश वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(वामदेव शर्मा अधिकारी)
नायब महालेखापरीक्षक

# भिमाद नगरपालीका
## लेखापरीक्षण प्रतिवेदन
आर्थिक वर्ष २०७५।७६

**परिचय:** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्न यस नगरपालीकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरिय सेवा प्रदान गर्नु हो । यो नगरपालिका अर्न्तगत ९ वडा रहेको, १२९ व.कि.मी. क्षेत्रफल र ३१३६२ जनसंख्या रहेको यो नगरपालिका गण्डकी प्रदेशमा अवस्थित छ ।

**स्थानीय संचितकोष :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम नगरपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार संचालनमा भएका व्ययहरु समावेश भएको आयव्यय हिसाव सहितको आर्थिक वर्ष २०७५।०७६ को संचित कोषको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ ।

## आय व्ययको विवरण

| सि. नं. | आयतर्फ | | | सि. नं. | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | | रकम | | विवरण | | रकम |
| १ | **गत वर्षको जिम्मेवारी** | | **८७९३४४११.१९** | १ | चालु खर्च | **२८१५७७९२५.२०** | **२८१५७७९२५.२०** |
| | क) नगद | | | २ | पूँजीगत खर्च | **१८३४६६१५६.८९** | **१८३४६६१५६.८९** |
| | ख) बैंक | ८७९३४४११.१९ | | ३ | वित्तीय व्यवस्था भुक्तानी | | |
| २ | **राजस्व (आन्तरिक आय)** | | **९२९२७५३८.८** | | क) ऋण भुक्तानी | | |
| | क) आन्तरिक राजस्व | २९६७७७७४.०६ | | | ख) ब्याज भुक्तानी | | |
| | ख) राजस्व बाँडफाँड संघ | ५९५२२६०२.७४ | | | ग) अन्य भुक्तानी | | |
| | ग) राजस्व बाँडफाँड प्रदेश | ३७२७१६२ | | ४ | **लगानी** | | |
| ३ | **वित्तीय हस्तान्तरण( संघ)** | | **३५९०५८५३९** | | ऋण लगानी | | |
| | क)वित्तीय समानीकरण अनुदान | १०६१००००० | | | शेयर लगानी | | |
| | ख) सशर्त अनुदान | १९३२११०१८ | | | अन्य लगानी | | |
| | ग) समपूरक अनुदान | | | ५ | **धरौटी फिर्ता** | **२२६८२५७.७५** | **२२६८२५७.७५** |
| | घ) विशेष अनुदान | | | ७ | **शसर्त अनुदान फिर्ता** | **१८९४५२६९.६१** | **१८९४५२६९.६१** |
| | ङ) अर्थ वजेट | २१९२५२१ | | ८ | **ओ.डि.एफ. खर्च** | | |
| | च. समाजीक सुरक्षा | ५७५५५००० | | ९ | **समाजिक सुरक्षा फिर्तं** | **४४७६००** | **४४७६००** |
| ४ | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | | **१२२६६२१६.६** | ९ | **अर्थ वजेट** | **२१९२५२१** | **२१९२५२१** |
| | क)वित्तीय समानीकरण अनुदान | ७२९४२२३.६० | | १० | **मौज्दात** | | |
| | ख) सशर्त अनुदान | | | | क) नगद मौज्दात | | **८३७३३३४८.८९** |
| | ग) समपूरक अनुदान | | | | ख) बैंक मौज्दात : | ८१६२०९०२.८९ | |
| | घ) विशेष अनुदान | ४९७१९९३ | | | ग) धरौटी मौज्दात | २११२४४६.० | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **५** | **अन्तर स्थानीय तहबाट प्राप्त** | | | | | | |
| **६** | **वित्तीय व्यवस्था प्राप्ति** | | | | | | |
| ७ | **विभिन्न कोषतर्फको आय** | | | | | | |
| ८ | **जनसहभागिता ( नगद)** | | | | | | |
| ९ | **विषयगत निकायबाट प्राप्त रकम** | | **१६०६३६७०** | | | | |
| | क.पुर्वाधार विकास कार्यालय नवलपरासी | ३५९३१५८ | | | | | |
| | ख.भिमाद प्रा.स्वा.के.USG मेशिन खरिद कार्याक्रम | ४९५००२ | | | | | |
| | ग. पर्यटन पूर्वाधार विकास योजना | ३४८८९९९ | | | | | |
| | घ.प्रधानमन्त्री रोजगार कार्यक्रम | १०३५०७८ | | | | | |
| | स्थानिय पूर्वाधार विकास साझेदारी कार्यक्रम | ७४५१४३३ | | | | | |
| **१०** | **धरौटी आय** | **४३८०७०३.७५** | **४३८०७०३.७५** | | | | |
| ११ | लगानीको साँवा फिर्ता | | | | | | |
| १२ | अन्य विविध आय | | | | | | |
| | क) वडा बाट फिर्ता | | | | | | |
| | **जम्मा** | | **५७२६३१०७९.३४** | | **जम्मा** | | **५७२६३१०७९.३४** |

| दफा | लेखापरीक्षणबाट देखिएको व्यहोरा | बेरुजु रकम |
|---|---|---|
| १ | **स्थानीय तहका पदाधिकारीको तलव भत्ता** : स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधाका सम्बन्धमा व्यवस्था बनेको ऐन, २०७४ को दफा ३ को अनुसुचि १ बमोजिम पाउने सुविधामा यो वर्ष पारिश्रमीक वापत रु ७५१९०००।- खर्च लेखेको पाइयो । साथै नगरपालिकाले निम्नानुसारको थप सुविधा समेत दिएको छ । | |

| विवरण | प्रमूख | उपप्रमूख | वडा अध्यक्ष ९ जना | कार्यपालिका सदस्य ८ जना | सभाका सदस्य ३० जना | जम्मा |
|---|---|---|---|---|---|---|
| मासिक सुविधा | ३५००० | ३०००० | २०००० | १०००० | ७००० | ६९५५०००.० |
| सञ्चार सुविधा(मासिक दरमा) | २००० | १५०० | १००० | ५०० | | १९२०००.० |
| बैठक भत्ताप्रति महिना २ वटा बैठकको प्रति बैठक १०००संख्याको आधारमा) | २००० | २००० | २००० | २००० | | ११४०००.० |
| अन्य बैठक भत्ता | | | | | | ०.० |
| यातायातखर्च मासिक (प्रति बैठक) | ५०० | ५०० | ५०० | ५०० | | १६२०००.० |
| इन्धन सुविधा(वडा अध्यक्षको लागि प्रति महिना २००० का दरले माघ देखि) | | | २००० | | | ९६०००.० |
| | जम्मा | | | | | ७५१९०००.० |

| दफा | लेखापरीक्षणबाट देखिएको व्यहोरा | बेरुजु रकम |
|---|---|---|
| १.१ | उपर्युक्तानुसार पदाधिकारीको सुविधा सम्बन्धी ऐनमा व्यवस्था नभएको अवस्थामा बैठक भत्ता वापत प्रति महिना २ वटा बैठकको प्रति बैठक १००० संख्याको आधारमा रु.११४०००।, बार्षिक रुपमा यातायातखर्च वापत रु. १६२०००। वडा अध्यक्षलाई इन्धन सुविधा वापत मासिक रु.२०००। का दरले बार्षिक ९६०००। र कार्यपालिकाका ८ सदस्यलाई मासिक रु.५०० का दरले रु.४८०००। संचार खर्च समेत रु.४२०००। ऐनले तोकेको भन्दा बढि भत्ता भुक्तानी गरेकोले ऐन विपरित दिएको उक्त भत्ता नियम सम्मत नदेखिएको रु. | ४२००००.० |
| २ | **कानुन निर्माण र कार्यान्वयन** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । यस व्यवस्था अर्न्तगत यस वर्ष नगरपालिकाले तर्जुमा गरेका निम्न कानुनहरु राजपत्रमा प्रकाशित भई कार्यान्वयनमा आएका छन् । नगरपालिकालाई आवश्यक पर्ने अन्य ऐन, नियम निर्देशिका तथा कार्यविधिहरु तर्जुमा गरी कार्यान्वयनमा ल्याउनुपर्ने देखिन्छ । | |

| सि.नं | कानुनको नाम |
|---|---|
| १. | आर्थिक ऐन, २०७५ |
| २. | विनियोजन ऐन, २०७५ |
| ३. | सहकारी ऐन, २०७५ |
| ४. | प्रशासकिय कार्यविधि नियमित गर्ने ऐन, २०७५ |
| ५. | न्यायिक समितिले उजुरी कारबाही किनारा गर्दा अपनाउनु पर्ने कार्यविधि सम्वन्धमा ज्यजस्था गर्न बनेको ऐन, २०७५ |
| ६ | भिमाद नगरपालीकाको विपद जोखिम न्युनीकरण तथा व्बस्थापन गर्न बनेको ऐन, २०७५ |
| ७ | भिमाद नगरपालीकाको कृषि व्यवसाय प्रर्वद्धन समवन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ |
| ८ | भिमाद नगरपालीकाको विनियोजन ऐन २०७६ |
| ९ | भिमाद नगरपालीकाको आर्थिकक ऐन, २०७६ |
| १० | भिमाद नगरपालीकको निर्णय वा आदेश र अधिकारको प्रमाणीकरण(कार्यविधि) नियमावली २०७४ |

| | | |
|---|---|---|
| ११ | नगर कार्यपालीकको कार्य विभाजन नियमावली, २०७४ | |
| १२ | नगर कार्यपालीकको कार्य सम्पादन नियमावली, २०७४ | |
| १३ | भिमाद नगरपालीकाको शिक्षा नियमावली, २०७५ | |
| १४ | भिमाद नगरपालीकाको पदाधिकारीहरुको आचरसंहिता, २०७४ | |
| १५ | नगर कार्यपालिकाको वैठक संचालन कार्यविधि, २०७४ | |
| १६ | भिमाद नगरपालिकाको राजपत्र प्रकाशन सम्वन्धी कार्यविधि, २०७४ | |
| १७ | भिमाद नगरपालीकाको करारमा प्राविधिक कर्मचारी (व्यवस्था गर्ने) सम्वन्धी कार्यविधि २०७४ | |
| १८ | निजी जग्गा व्यवस्थापन खविज पदार्थ उत्खनन् गर्न प्राकृतिक श्रोत बाट प्राप्त हुने रोयल्टी सम्वन्धी कार्यविधि २०७४ | |
| १९ | भिमाद नगरपालीकाको उपभोक्ता समिति गठन परिचालन तथा व्यवस्थापन सम्वन्धी कार्यविधि २०७५ | |
| २० | भिमाद नगरपालिकको नगरप्रहरी सञ्चालन कार्यविधि २०७५ | |
| २१ | जेष्ठ नागरिक परिचय पत्र वितरण कार्यविधि, २०७५ | |
| २२ | भिमाद नगरपालीकाको विपद व्यवस्थापन कोष सञ्चालन सम्वन्धी कार्यविधि, २०७५ | |
| २३ | भिमाद नगरपालीकाबाट गरिने बजार अनुमान निर्देशिका २०७५ | |

| | | |
|---|---|---|
| ३ | **न्याय सम्पादन :** नेपालको वर्तमान संविधानको धारा २१७ मा व्यवस्था गरिए बमोजिम स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार न्यायिक समितिले मुद्दा मामिला किनारा तथा मेलमिलाप गराउने व्यवस्था छ । भिमाद नगरपालिकाले उपप्रमुखको संयोजकत्वमा तीन सदस्यीय न्यायिक समिति गठन भई समितिमा २०७५ श्रावण देखि असारमसान्त सम्म जम्मा ६३ उजुरी दर्ता भएकेमा ४६ वटा फछ्यौट भएको ५ वटा दरपिठ गरिएको र छलफल हुन वाँकी १२ तामेलीमा रहेका छन् । फछ्यौट गर्नेतर्फ समितिको ध्यान जानुपर्ने देखिन्छ । | |
| ४ | **सन्चित कोष हिसाबः** स्थानीय सरकार सन्चालन ऐन २०७४ को दफा ६९ मा प्रत्येक नगरपालिकाको एउटा सन्चित कोष रहने र उक्त कोषमा राजस्व, अनुदान, ऋण लगायतका रकमहरु रहने र उक्त कोषबाट खर्च गर्न सकिने रकमको व्यवस्था रहेको छ । कार्यालयले सन्चित कोषको हिसाब तयार गरेको छ । | |
| ५ | **सन्चित कोषमा ट्रान्सफर :** स्थानीय सरकार सन्चालन ऐन २०७४ को दफा ७५ मा एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकि रहेको रकम आर्थिक वर्षको अन्त्यमा सन्चित कोषमा जम्मा हुने व्यवस्था रहेकोमा कार्यालयले आर्थिक वर्षको अन्त्यमा चालु खर्च खातामा रु. ५०१९५९१।४१ र पूँजीगतखर्च खातामा रु. २५७३८२४९।३७ आर्थिक वर्षको अन्तमा बाँकि देखाएको छ । कानूनी व्यवस्था अनुसार यस्ता खातामा रहेको रकम सन्चित कोषमा जम्मा गरी खाताको मौज्दात शून्य बनाउनुपर्नेमा सो अनुसार भएको नदेखिएकोले कानूनी व्यवस्थाको कार्यान्वयन गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ६ | **लगानी र ऋणः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६८ बमोजिम भिमाद नगरपालिकाले वित्त आयोगको सिफारिसमा सम्बन्धीत सभाबाट स्वीकृत गरी उत्पादनशील, रोजगारमूलक , आन्तरिक आयवृद्धि तथा पूँजीगत कार्यका लागि आन्तरिक ऋण लिन सक्ने व्यवस्था छ । भिमाद नगरपालिकाले यो वर्ष कुनै पनि ऋण लिएको तथा लगानी गरेको देखिएन । | |
| ७ | **कल्याण कोष** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ वमोजिम स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवाशर्त तथा कानून वमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपदान, औषधिउपचार लगायतका सुविधा उपलब्ध गराउन अवकास कोषको स्थापना गर्ने व्यवस्था छ । उक्त कोषमा आफ्नो दरवन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाइपाई आएको मासिक तलवबाट १० प्रतिशत रकम कट्टा गरी सोको वरावरले हुने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । नगरपालिकामा कार्यरत स्थानीय तहका कर्मचारीको तलवबाट रकम कट्टा गरी कल्याण कोषमा जम्मा गर्नु पर्नेमा नगरपालीकाले एकमुष्ठ रु २५००००। कोषमा जम्मा गरेको छ । योगदानमा आधारित कल्याण कोषको व्यवस्था गरी कर्मचारी बाट कट्टा गरेको रकम दाखीला गर्नुपर्नेमा नगरपालीकाले एकमुष्ठ दाखीला गरेको सो रकम नगरपालिका संचित कोषमा दाखिला गर्नु पर्ने रु. | २५००००। |
| ८ | **विद्युतिय लेखा :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा कारोवार को लेखा राख्नु पर्ने तथा महालेखा नियन्त्रकको कार्यलयले निःशुल्क रुपमा उपलब्ध गराई सवै नगरपालिकाले Sub National Tresury Regulatory application (SUTRA)प्रयोग गरी लेखा राख्नुपर्ने व्यवस्था छ । यस नगरपालिकाले आर्थिक वर्ष २०७५/७६ सम्म उक्त सफ्टवयेरको प्रयोग गरेको देखिएको छ । स्थानीय तहको लेखाप्रणालीलाई बैज्ञानिक र व्यवस्थित गर्नका लागि लागू गरिएको उक्त सफ्टवयेर | |

| | | |
|---|---|---|
| | प्रभावकारी रुपमा शिर्षक अनुसारको लेखा राख्ने तथा वित्तिय विवरण तयार पर्ने तर्फ म.ले.नि.का को ध्यान जानु पर्दछ । | |
| | **वातावरणीय प्रभाव :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा नगरपालिका क्षेत्रमा स्थल, जल, वायू तथा ध्वनी प्रदुषण नियन्त्रण गरी वातावरण संरक्षण गर्ने कार्यमा सहयोग गर्ने गराउने कर्तव्य तोकेको छ । गाउँपालिकाले यो वर्ष वातावरण संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार गरेको छैन । सरसफाईको काममा नगरक्षेत्रको सडक सफाइ, फोहोर संकलन गरी ढुवानी केन्द्रमा जम्मा गर्ने, जस्ता वातावरण सुधारको नगरपालिकाले कुनै कार्यक्रम तथा वजेट नराख्ने कार्यले स्वच्छ तथा सफा नगर वनाउन तर्फ ध्यान पुगेको देखिएन । अत गाउँ सरसफाई तथा वातावरण संरक्षणका कार्यक्रमहरु समेत संचालन गर्नुपर्दछ । | |
| ९ | **कर्मचारी व्यवस्था :** नेपाल सरकारको मिति २०७४।१२।१४ स्थानीय तहको अन्तरिम संगठन संरचना तथा दरवन्दी सम्वन्धी निर्णयमा यस नगरपालिकामा ४७ जना कर्मचारी दरवन्दी स्वीकृत रहेकोमा कर्मचारी दरवन्दी मध्ये प्रमुख प्रशासकीय अधिकृत सहित १४ जनाको पदपूर्ति रहेको छ। रिक्त पद ३३ जना रहेको छ । आवश्यक कर्मचारी व्यवस्थापन नहुँदा सेवा प्रवाहमा असर पर्ने भएकोले कर्मचारी व्यवस्थापनमा ध्यान दिनुपर्ने देखियो । | |
| १० | **आन्तरिक नियन्त्रण प्रणाली :**स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्नेमा गरेको छैन । यस सम्बन्धी अन्य व्यहोराहरु तपसिल अनुसार रहेका छन् ।<br>● सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तर्जुमा गर्नुपर्ने र सार्वजनिक सुनुवाई गर्नुपर्नेमा गरेको छैन ।<br>● जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नुपर्नेमा गरेको छैन ।<br>● मूल्य खुल्न नसकेका सामानहरुको मुल्य खुलाई राख्नुपर्नेमा केहि सामानहरुको मूल्य खुलाएको छैन ।<br>● मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६(क) मा ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्बन्धित आन्तरिक राजस्व कार्यालयलाई समय मै नदिई आर्थिक वर्षको अन्त्यमा एकैपटक पठाएको देखियो ।<br>● स्वीकृत कार्यक्रम अनुसार चौमासिक खर्च गर्नुपर्नेमा कुल खर्चमध्ये अधिकांश रकम तेश्रो चौमासिकमा खर्च गरेको,<br>● कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरी निराकरणको प्रयास गरेको अभिलेख नराखेको,<br>● वार्षिक कार्यक्रम अनुसार अनुगमन मूल्याङ्कन प्रतिवेदन दिने नगरेको,<br>● स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ बमोजिम नगरपालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण कार्य तथा अन्य सेवाको प्रयोजनको लागि निर्माण सामग्री, ज्याला, भाडा तथा महसुलको स्थानीय न्यूनतम दररेट आर्थिक वर्ष शुरु हुनु भन्दा पन्ध्र दिनअगावै तोकी सक्नु पर्नेमा दररेट तोकेको छैन ।<br>● कुनै रकमको भुक्तानी दिँदा रित पुगे नपुगेको जाँच गरी रसिद, बिल, भरपाईहरुमा सिलसिलेवार नम्बर राखी कार्यालय प्रमूखले तोकेको कर्मचारीले “भुक्तानी भएको”जनाउने छापसमेत लगाई दस्तखत गरी प्रमाणित गर्नु पर्नेमा सो अनुसार गरेको छैन ।<br>● यस नगरपालिकाले ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्काखाता र कन्टिजेन्सि खाता राखेको छैन ।<br>● स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा७४ (२) अनुसार सार्वजनिक खरिद नियमावली बनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा बनाएको छैन ।<br>● विभिन्न आयोजनाहरुको लागि निर्माण सामाग्री ढुवानी गर्दा ढुवानीको कर बिजक जारी गर्नु पर्नेमा | |

केही योजनाहरुहमा सो अनुसार नगरी भर्पाइ मात्र संलग्न गरेको र सोही आधारमा खर्च भुक्तानी दिने गरेको पाइयो ।

- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ अनुसार रु.१० लाखभन्दा बढिको निर्माण कार्य गराउँदा विमा गराउनु पर्नेमा कुनै पनि ठेक्कामा विमा गराएको छैन ।
- सार्वजनिक निर्माण कार्यहरुको लागत अनुमान स्वीकृति, कार्यसम्पन्न प्रतिवेदन आदिमा मिति उल्लेख गरेको छैन ।
- कन्टिन्जेन्सि खर्चको अभिलेख रजिष्टर नराखेको,
- निजामती सेवा ऐन, २०४९ बमोजिम कार्यविवरण बनाई लागु नगरेको,
- कार्यक्रमगत खाता नराखेको कारण कार्यक्रमगत प्रगति यकिन हुने गरी बार्षिक प्रगति प्रतिवेदन तयार नगरेको ।
- वातावरण संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार नगरेको,
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार सम्पन्न भएका योजनाहरु उपभोक्ता समितिलाई हस्तान्तरण नगरेको,

११ **आन्तरिक लेखापरीक्षण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ र ७८ अनुसार कार्यालयले आन्तरिक लेखापरीक्षण गराउनु पर्ने र आन्तरिक लेखापरीक्षणबाट औंल्याइएका बेरुजु अन्तिम लेखापरीक्षण हुनु अगावै नियमित गराउनु पर्ने नियमित गराई वा प्रमाण पेश गर्नुपर्ने, प्रमाण पेश गरी वा असुल उपर गर्नु पर्ने असुल उपर गरी बेरुजु लगत कट्टा गराउनु पर्ने व्यवस्था छ । यस नगरपालीकाले कोष तथा लेखा नियन्त्रक कार्यालयबाट आन्तरिक लेखापरीक्षण गराएको छ । आन्तरिक लेखापरीक्षणबाट औंल्याइएका बेरुजु अन्तिम लेखापरीक्षण अवधि सम्म पनि कट्टा गरेको देखिएन । नियममा भएको व्यवस्था बमोजिम अन्तिम लेखापरीक्षण हुनु अगावै आन्तरिक लेखापरीक्षणबाट औंल्याइएका बेरुजु कट्टा गर्नतर्फ कार्यालयको ध्यान जानु पर्दछ ।

१२ **वजेट पेश गर्ने तथा पारित गर्ने** : स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७१ वमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालीकावाट स्वीकृत गराई आषाढ १० गते भित्र सभामा पेश गर्नुपर्ने व्यवस्था छ । आय व्ययको अनुमान साथ गत वर्षको वास्तविक आय व्यय, चालु आर्थिक वर्षको अन्तिम सम्ममा हुने आय व्ययको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण सभामा पेश गरि १५ दिन भित्र छलफल सम्पन्न गरी आषाढ भित्र पारीत गर्नुपर्ने व्यवस्था रहेको छ । नगरसभाले मिति ०७५/३/२७मा बजेट, नीति तथा कार्यक्रम पारित गरेको छ ।

१३ **चौमासिक खर्च** . नगरपालिकाले यस वर्ष गरेको कुल पुंजीगत खर्च रु १६८४३७५६४।८९ मध्ये प्रथम चौमासिकमा ४.०६ प्रतिशत, दोश्रो चौमासिकमा १८.९८ प्रतिशत र तेश्रो चौमासिकमा ७६.९६ प्रतिशत खर्च गरेको देखिएको छ । तेस्रो चौमासिकमा भएको खर्च मध्ये आषाढ महिनामा मात्रै ७०.३३ प्रतिशत खर्च भएको छ । कार्यालयले आर्थिक बर्षको अन्त्यमा बढी भार पर्ने गरी खर्च गरेको पाइयो । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा तोकिएको लक्षित कार्य सोही अनुरुप सम्पन्न गर्नेतर्फ नगरपाालिकाको ध्यान जानु पर्दछ ।

| क.स | बजेट उपशिर्षक | कुल खर्च | प्रथम चौमासिक | दोश्रो चौमासिक | तेश्रो चौमासिक |
|---|---|---|---|---|---|
| १ | भिमाद नगरपालिका,पुँजीगत | १५४४६१३१० | ६८०८९९५ | २९५९९६६८ | ११८०५२६४७ |
| २ | सर्शत पुँजीगत | १३९७६२५४.८९ | ० | २३८६३४६ | ११५८९९०८.८९ |
| | **ङ्ल जम्मा** | **१६८४३७५६४.८९** | **६८०८९९५** | **३१९८६०१४** | **१२९६४२५५५.८९** |

१४ **राजस्व परामर्श समिति :** स्थानीय सरकार सन्चालन ऐन २०७४ को दफा ६५ मा राजस्व सम्वन्धी परामर्शको लागि एक स्थानीय राजस्व परामर्श समिति रहने व्यवस्था छ । उक्त समितिको काम,

| | | |
|---|---|---|
| | कर्तव्य र अधिकार अन्तर्गत राजस्व सम्वन्धी कानूनको तर्जुमा, संशोधन, परिमार्जन र सोको परिपालनाका सम्वन्धमा आवश्यक परामर्श दिने, राजस्वको स्रोत, दायरा र दर समेतको विश्लेषण गरी आगामी आर्थिक वर्षमा प्राप्त हुन सक्ने राजस्वको अनुमान गर्ने, राजस्वका दर र क्षेत्र लगायतका आधारमा आन्तरिक आयको विश्लेषण गर्ने र अनुमान गर्ने लगायतका कार्यहरु तोकिएको छ । राजस्व परामर्श समितिको बैठक मिति ०७५।९।१२ मा बसेता पनि ऐनमा उल्लेख भए अनुसारका कार्यहरु गरेको देखिएन । | |
| १५ | **आन्तरिक आय :** नगरालिकाले यो वर्ष ढुंगा गिटी वालुवाको निकासी गर्नका लागि मिति ०७५।४।२५ मा रु.१२५००००। न्यूनतम मल्य सहितको सुचना प्रकाशन गरेको थियो । अजम्बरी कन्ट्रक्सन एण्ड सप्लायर्सले कबोल अंक (मु.अ कर र अग्रिम कर बाहेक) रु १२७००००। मा संझौता गरेकोमा कार्यालयले संझौतामा ५% छुटको व्यवस्था नभएको अवस्थामा पनि मु.अ.कर र अग्रिम कर सहित रु. ७२७०८। छुट दिई रु.१३८१४४२। मात्र सम्बन्धीत पक्ष सँग लिएकोले कम असुल भएको रकम असुलगरी आफ्नो सञ्चीत कोषमा दाखिला गर्नु पर्ने रु. | ७२७०८.० |
| १५.१ | नगरपालिकाले संकलन गर्न दिए वापत असुल हुने रकममा मूल्य अभिवृद्धि कर ऐन, २०५२ वमोजिम मूल्य अभिवृद्धि कर समेत असुल गर्नुपर्नेमा व्यवस्था छ । कार्यालयले अजम्बरी कन्ट्रक्सन एण्ड सप्लायर्स बाट उठाउन बाँकी राजश्व रु.७२७०८। मा रहेको मूल्य अभिवृद्धिकर र अग्रिम कर रु.९२०५। सम्बन्धीत पक्ष संग असुल गरी नगरपालिका खाताबाट राजश्व दाखिला गर्नु पर्ने रु. | ९२०५.० |
| १५.२ | **सम्पति कर** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा नगरपालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट सम्पती कर उठाउनु पर्ने व्यवस्था रहेको छ । नगरपालिकाले हालसम्म यो काम सुरु गरेको र सो काम MIS Software मा राखेको छ कार्यलयले उक्त रेकर्ड राख्न सुरु गरेको भएतापनि सम्पुर्ण नगरपालीका भरिको नराखी कार्यालयमा सो घोषणामा आउनेहरुमा मात्र राख्ने गरेको छ । नगरपालीका भरि सवैको समेट्ने गरि रेकर्ड अधावधिक गरी राख्नुपर्ने देखिन्छ । | |
| १६ | **आर्थिक सहायता :**सार्वजनिक खर्चमा मितव्यीता र प्रभावकारीता कायम गर्ने सम्वन्धी नीति मार्गदर्शन २०७५ को वुँदा ३१ मा तोकिएको मापदण्ड भित्र रहेरमात्र क्षतिपूर्ति, औषधोपचार र आर्थिक सहायता वापतको खर्च उपलव्ध गराउने उल्लेख छ । कार्यालयले आन्तरिक चालु खर्च शीर्षकबाट विपन्न नागरिक तथा प्रकोप पिडीतलाई घरवास तथा औषधी उपचार खर्च वडा कार्यालयको सिफारिस राखी नगरकार्यपालिका वैठकबाट निर्णय गरिरु. ५९८७००।-आर्थिक सहायता स्वरुप भूक्तानी गरेको छ । यस्तो खर्च लेख्न आवश्यक कार्यविधि तथा मापदण्ड तयार गरेको छैन । मापदण्ड तयार नगरी यस्तो सहायता वितरण गरेको नियम सम्मत नदेखिएको रु. | ५९८७००.० |
| १७ | **वातावरणीय प्रभाव :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा नगरपालिका क्षेत्रमा स्थल, जल, वायू तथा ध्वनी प्रदुषण नियन्त्रण गरी वातावरण संरक्षण गर्ने कार्यमा सहयोग गर्ने गराउने कर्तव्य तोकेको छ । नगरपालिकाले यो वर्ष वातावरण संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार गरेको छैन । सरसफाईको काममा नगरक्षेत्रको सडक सफाइ, फोहोर संकलन गरी ढुवानी केन्द्रमा जम्मा गर्ने, जस्ता वातावरण सुधारको क्षेत्रमा नगरपालिकाले कार्यक्रमको थालनि गरेपनि दिर्घकालिन रुपमा स्थाई हुने किसिमले गरेको नपाईएकोले दिर्घकालिन सोचका साथ बजेट विनियोजन गरी स्वच्छ तथा सफा नगर वनाउन तर्फ ध्यान पुगेको देखिएन । अत नगर सरसफाई तथा वातावरण संरक्षणका कार्यक्रमहरु समेत संचालन गर्नुपर्दछ । | |
| १८ | **उपभोक्ता समिति छनौट -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा एक करोड सम्मको लागत अनुमान भएको निर्माण कार्य वा सो सम्बन्धी सेवा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट गराउन सक्ने र यसका लागि सम्बन्धित काम र सेवाको प्रकृति, परिमाण, लाग्ने रकम, उपभोक्ता समिति वा लाभग्राही समूदायले व्यहोर्ने वा व्यहोर्नु पर्ने रकम र अन्य आवश्यक कुराहरु खुलाई सार्वजनिक निकायले सार्वजनिक सूचना प्रकाशन गरी प्रस्ताव माग गर्न वा त्यस्तो समिति वा समुदाय आफैंले प्रस्ताव वा निवेदन पेश गर्न सक्ने व्यवस्था रहेको छ । तर कार्यालयले यस वर्ष उपभोक्ता समितिबाट कार्य गराउँदा संझौता बाहेक संझौता पूर्वका उक्त प्रकृया आंशिक रुपमा पालना गरेको देखियो । यसबाट विकास निर्माण कार्यमा उपभोक्ता समिति छनौटको आधार पारदर्शी र प्रतिस्पर्धात्मक तवरले भएको देखिएन । यसबाट निर्माण कार्यको समय, लागत र गुणस्तरमा असर पर्ने | |

हुँदा उपभोक्ता समिति वा लाभग्राही समूह छनौट गर्दा उक्त नियमावलीको व्यवस्था पालना गरी पारदर्शी र प्रतिस्पर्धात्मक तवरले गरिनु पर्दछ ।

१९ **निर्माण कार्यको गुणस्तर–** नगर कार्यपालिकाबाट पारित उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७४ मा निर्माण सामग्रीको गुणस्तर, निर्माण विधि र प्रक्रियाको गुणस्तर सुनिश्चितता गर्ने जिम्मेवारी कार्यालयबाट खटिएका प्राविधिक कर्मचारी र उपभोक्ता समितिको हुने उल्लेख छ । साथै उपभोक्ता समितिबाट कार्यान्वयन भएको योजनाको दिगोपनाका लागि सम्बन्धित उपभोक्ता समितिले आवश्यक व्यवस्था गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उक्त व्यवस्था अनुसार निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न विभिन्न निर्माण सामग्रीको प्रयोगशाला परीक्षण गर्ने/गराउने, गाह्रो लगाउने तथा ढलानको कार्यको गुणस्तरका लागि सिमेण्ट मोर्टार तथा कंक्रिट क्यूब टेष्ट गराउने जस्ता कार्य गराएको पाइएन । जसले गर्दा निर्माण कार्यमा आवश्यक गुणस्तर कायम भएको सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था छैन । अतः कार्यविधिमा उल्लेख भए अनुसार निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न आवश्यक पहल हुनुपर्दछ ।

२० **सार्वजनिक सुनुवाइः** वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाइ गर्नुपर्ने, सार्वजनिक सुनुवाइमा प्राप्त गुनासा तथा सुझावमध्ये आफूले सक्ने कुरा सम्बोधन गरी नसक्ने खालका सुझाव तथा गुनासाहरू सम्बोधनको लागि स्थानीय तहको कार्यालयमा पठाउनुपर्ने उल्लेख छ । वडा कार्यालयहरूमा सार्वजनिक सुनुवाइ भएको र गुनासा सम्बोधनको लागि स्थानीय तहको कार्यालयमा प्राप्त भएको प्रमाण पेश हुन आएन । कार्यविधिको पालना गर्नुपर्दछ ।

२१ **परामर्श सेवा :**गण्डकी प्रदेश आर्थिक कार्यविधी ऐन, २०७४को दफा ८ को व्यवस्था बमोजिम नयाँ आयोजनाको हकमा रकम प्रस्ताव गर्दा सम्भाव्यता गर्न आवश्यक हुने तथा सम्भाव्यता अध्ययन पश्चात आगामी वर्ष खर्च हुन सक्ने रकम मात्र पुष्ट्याई प्रस्ताव गर्नु पर्ने व्यवस्था छ । सम्भाव्यता अध्ययन भई स्वीकृत भइसकेका तथा क्रमागत रुपमा कार्यान्वयनमा रहेका आयोजनाका हकमा खरिद योजना वा सम्झौता अनुरुप आगामी वर्ष आवश्यक पर्ने रकम प्रस्ताव गर्ने व्यवस्था छ । नगरपालिकाबाट यस वर्ष ४ वटा कार्यक्रमको सम्भाव्यता अध्ययन गरी परामर्श खर्चमा रु.२४४३००७.० खर्च गरेको रु २४४३००७.०

| क.सं. | कार्यक्रमको नाम | लागत अनुमान | परामर्श खर्च | | |
|---|---|---|---|---|---|
| | | | गत वर्षसम्मको | चालु वर्षको | जम्मा |
| १ | किँहु मोटरबाटो स्तरोन्नती ( DPR) तयारी | ३८०९३३.०९ | | ३७३५१४ | ३७३५१४ |
| २ | ठुला योजनाहरुको DPR तयारी | ४९६८६९ | | ४९४९४० | ४९४९४० |
| ३ | सेवा परामर्श खर्च ( नगरप्रोफाईल तयारीं | ६५००००.० | | ५९८९२८ | ५९८९२८ |
| ४ | आवधिक योजना निर्माण | १०००००० | | ९७५६२५ | ९७५६२५ |
| | | | **जम्मा** | **२४४३००७.०** | **२४४३००७.०** |

२२ **ठेक्का व्यवस्थापन :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २०(३) अनुसार वार्षिक बजेट कार्यक्रम कार्यान्वयन सुचारु रुपले गराउन र निर्धारित समय भित्र कार्य सम्पन्न गर्न अन्य निकायसँग लिनु पर्ने सहयोग र स्वीकृत बारे पत्राचार र छलफल गर्ने कार्य तथा लागत अनुमान तयार, ठेक्का पट्टा स्वीकृत गर्ने कार्य समेत प्रथम चौमासिक अवधिमा सम्पन्न गरिसक्नु पर्ने व्यवस्था छ । कार्यालयबाट पेश भएको ठेक्का बन्दोबस्तीसम्बन्धी विवरण अनुसार यो वर्ष संचालित भएका ६ वटा कार्यहरूको ठेक्का सम्झौता भएकोमा ० वटा प्रथम चौमासिकमा १ वटा दोस्रो चौमासिकमा र ५ वटा तेस्रो चौमासिकमा ठेक्का सम्झौता भएको छ । यसले गर्दा निर्माण कार्य समयमा सम्पन्न नहुने तथा जनतामा प्रवाह हुने सेवा सुविधामा असर पर्ने हुँदा नियमको पालना गर्ने तर्फ कार्यालयले ध्यान दिनु पर्दछ ।

२३ **न्यून प्रतिस्पर्धा :** सार्वजनिक खरिद ऐन, २०६३ को  दफा १४  अनुसार बोलपत्रको माध्यवाट खरिद

गर्दा प्रतिस्पर्धा गराउनु पर्ने व्यवस्था छ । साथै सोही ऐनको दफा २६(६) बमोजिम कुनै बोलपत्रदाताले आपसमा मिलेमतो गरी बोलपत्र दाखिला गरेको हुन सक्ने सम्भावना तर्फ समेत मध्यनजर गर्दै मिलेमतो भएको पुष्टि भएमा ऐनको प्रावधान अनुरुप बोलपत्र रद्द गर्न सकिने प्रावधान तर्फ समेत कार्यालयले ध्यान दिनुपर्ने देखिन्छ । कार्यालयले यस वर्ष ५ प्रतिशत भन्दा घटी प्रतिस्पर्धा भएका ५ वटा ठेक्का देहाय अनुसार छन् :

| क.सं. | कार्यक्रमको नाम | ठेक्का नंबर | बोलपत्र बिक्री सङ्ख्या | बोलपत्र दाखिला सङ्ख्या | लागत अनुमान | स्वीकृत रकम | घटी प्रशिशत |
|---|---|---|---|---|---|---|---|
| १ | सवारी साधन खरिद | ब्रोसर/क्याटलग विधि | ५ | ५ | ४३००००० | ४२२९००० | १.६५ |
| २ | सभा हल निर्माण | ११-०७५/७६ | ५ | २ | २०८१८७७.७४ | २०८१६७८.५० | ०.००९ |
| ३ | जौपानी खानेपानी लिफ्टिङ योजना ( इलेक्ट्रेमेकानीक वर्क) | १२C-०७५/७६ | ५ | १ | ४२२१४१९ | ४२००२३८ | ०.५० |
| ४ | जौपानी खानेपानी लिफ्टीङ योजना ( सिभिल वर्क) | १२ E-०७५/७६ | ५ | १ | ३५९५६७२ | ३५८७०९१.६० | ०.२३ |
| ५ | RCC ह्याम पाइप खरिद कार्य | १४-०७५/७६ | ३ | ३ | १४३१०१६.११ | १४२७४९५.१० | ०.२४ |
| ६ | नगर खेलमैदनमा सार्वजनिक शैचालय निर्माण | १५-०७५/७६ | १० | ९ | ठेक्का रद्ध | | |

उपरोक्त तालिका अनुसार कार्यालयले ६ वटै ठेक्का मा लागत अनुमानकै हाराहारीमा ठेक्का सँझौता भएकोछ । यी माथिका परीदृश्यले बोलपत्रदाताहरुबीच मिलोमतो भएको अवस्था देखिएकोमा पनि जिम्बेवार पदाधिकारीलेबैकल्पीक व्यवस्था नगरी ठेक्का स्वीकृति गरेको अवस्था औचित्यपूण नदेखिदा त्यस्ता पदाधिकारीको कार्य सम्पादन सम्बन्धमा छानविन गरी आवश्यक कारबाही गर्नुपर्दछ ।

२४ **लक्ष्य प्रगति :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २६ मा बजेट तथा कार्यक्रम कार्यान्वयन र प्रगति समीक्षा गर्नुपर्ने र तोकिएको समयमा प्रगति हासिल नगर्ने र विवरण नपठाउनेलाई कारबाही गर्न सकिने व्यवस्था छ । कार्यालयले उपलब्ध गराएको विवरण अनुसार संचालित कार्यक्रमको प्रगति विवरण देहाय अनुसार रहेको छ ।

| क.सं. | कार्यक्रमको/योजना | यो वर्ष कुल कार्यक्रम | वार्षिक प्रगति स्थिति | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | शुन्य प्रगति कार्यक्रम | २५ प्र.सम्म प्रगति भएका कार्यक्रम | ५० प्र.सम्म प्रगति भएका कार्यक्रम | ७५ प्र.सम्म प्रगति कार्यक्रम | ७५ प्रतिशत भन्दा बढी प्रगती भएका कार्यक्रम |
| १ | मुल कार्यक्रम संख्या | ४९९ | ६३ | १४ | ६ | २८ | ३८८ |
| | कुल जम्मा | ४९९ | ६३ | १४ | ६ | २८ | ३८८ |

आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २४ मा चौमासिक प्रगति विवरण पेश गर्ने व्यवस्था छ । नगरपालिकाले सञ्चालन गरेका आयोजनामध्ये सबै आयोजनाको उपर्युक्त नियम बमोजिम अनुसूची-२ बमोजिमको ढाँचामा प्रगति विवरण तयार गरेको देखिएन । योजना तथा कार्यक्रममा खर्च गरेकोमा नियमावलीले तोके वमोजिम प्रगति प्रतिवेदन तयार गरेको पाइएन । प्रगति प्रतिवेदनको भौतिक प्रगति मापन हुन सक्ने देखिएन ।

२५ **मुल्य अभिवृद्धि कर कट्टी नगरेको :** आर्थिक ऐन, २०७६ ले गरेको व्यवस्था अनुसार सरकारी कार्यालयले मिति २०७६।२।१६ देखिको ठेक्का वा करार अन्तर्गतको भुक्तानीमा मु.अ.कर रकमको ५० प्रतिशत संवन्धित राजस्व शिर्षकमा र बाँकी ५० प्रतिशत संवन्धित फर्मलाई भुक्तानी दिनुपर्ने उल्लेख छ । कार्यालयले देहायअनुसार मिति २०७६।२।१६ पछिको ठेक्का बन्दोबस्त तथा परामर्शको भुक्तानीमा ५० प्रतिशत मुल्य अभिबृद्धिकर भुक्तानी दिने कार्यलयले सम्बन्धीत राजस्व शिर्षकमा दाखिला नगरी फर्मलाई नै भुक्तानी दिएको देखिएकोले उक्त रकम असुल गर्नुपर्ने रु ... ४७२००१.७५

| भौ.न. | मिति | निर्माण व्यावसायी | कामको विवरण | कुल म.अ.कर | असुल गर्ने ६.५ |
|---|---|---|---|---|---|
| २४१,३५१,४६२,४६३ | २०७६/३/३१ | परि निर्माण सेवा | जौपानी खानेपानी योजना (इलेक्ट्रो मेकानिकल ओर्क) | ४०९३०३.२८ | २०४६५१.६४ |
| ३४५,२३९, ४६२,४६४ | ३/२१ | सुवेदि निर्माण सेवा | जौपानी खानेपानी योजना ( सिभिल ओर्क) | ४८३२१३.२२ | २४१६०६.६१ |
| ३४५, ३२१ | ०७६/३/२१ | वि.एस. निर्माण सेवा | न.पा सभाहल निर्माण | ५१४८५.० | २५७४३.५० |
| | | जम्मा | | | ४७२००१.७५ |

२६ **कन्टिन्जेन्सी खर्चको अभिलेख–** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानमा कन्टीन्जेन्सी समेत समावेश गरेर तयार गर्नु पर्ने व्यवस्था गरेको छ । सोही बमोजिम नगरपालिकाले प्रत्येक योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चवाट २.५०% प्रतिशत कट्टागर्ने गरेको देखिएता पनि सोको कार्यक्रमगत कन्टेन्जेन्सी खर्च खाता खडा गरी राखेको देखिएन । यस वर्ष कार्यालयले कन्टिन्जेन्सी रु.१५९२६१५। खर्च गरेको छ । गाउँपालिकाले योजनागत खाता तयार पारी तोकिएको सीमाभित्र खर्च गर्ने व्यवस्थाको प्रभावकारी कार्यान्वयन हुनु पर्दछ ।

| क्र.सं. | कार्यक्रमको नाम | लागत अनुमान | कन्टेन्जेन्सी खर्च | | |
|---|---|---|---|---|---|
| | | | गत वर्षसम्मको | चालु वर्षको आम्दानी | चालु वर्षको खर्च |
| १ | भिमाद नगरपालीका पुजिगत कार्यक्रम | २.५० % | ० | | १५९२६१५ |

२७ **निकासा फिर्ता गर्न बाँकी :** नगरपालिकाले भागर भिमाद मोटरमार्ग निर्माण योजना रु.३२५००८९।७५ लागत अनुमान तयार गरेकोमा गण्डकी प्रदेश कार्यालयले रु.१९५००००। , नगरपालिकाले रु.९७५००। र उपभोक्ता समितिले रु.३२५०८९।७५ को लागत लाग्ने गरि भागर भिमाद मोटर मार्ग उपभोक्ता समिति संग मिति २०७६।३।२८ मा सम्पन्न गर्ने गरि संझौता भएकोछ । उपभोक्ता समितिले रु.२७३८५९७।६७ को काम गरेकोमा प्रदेश सरकारबाट हस्तान्तरीत कार्यक्रमको भौ. ३-०७६।३।३१ बाट रु.१६४३१५८। भुक्तानी भएकोछ भने वित्तिय समानीकरण पुँजिगतको भौ.४६६-०७६।३।३१ बाट रु.८३०६८७। भुक्तानी भएकोमा बजेट अनुसार कन्टीजेन्सीको अंश कटाउनु पर्नेमा ससर्त तर्फ बजेट अनुसार भुक्तानी दिएको र समानिकरण तर्फ कन्टीजेन्सी आम्दानी जनाएको पाईयो । ससर्त तर्फको कन्टीन्जेसी रकम रु.१२९०५। स्थानिय संचितकोष बाट गण्डकी प्रदेश सरकारको बेरुजु राजश्व शिर्षकमा दाखिला गर्नु पर्ने रु. १२९०५.०

२८ **नक्सा पास र मुल्यांकन :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २७(१) अनुसार कसैले पनि नगरपालिका वा नगरपालिकाबाट नक्सा पास नगराई भवन निर्माण गर्न नहुने व्यवस्था छ । तर यस वर्ष नगरपालिकामा नक्सा पास सम्बन्धी काम-कारबाही सुरु गरेको छ । तोके बमोजिम संरचना निर्माण गर्नुपूर्व नगरपालिकाबाट त्यसको नक्सा पास गर्ने व्यवस्थाको कार्यान्वयनमा ध्यान दिनुपर्दछ । घर जग्गा मुल्यांकन गर्ने वैज्ञानिक प्रणालीको अवलम्वन गरी पक्का ढलान, पक्का जस्तापाताको प्रति वर्गफिट कति लागत पर्दछ सो यकिन गरीनु पर्दछ ।

२९ **सेवा प्रवाह :**कार्यालय आ.व. ०७४/०७५ मा निम्नानुसारको सेवा प्रवाह गरेको देखिन्छ ।

| सि.नं. | विवरण | सेवा प्राप्तीका लागि निवेदन संख्या |
|---|---|---|
| १ | नागरिकता सिफारिस | १४५३ |
| २ | घरबाटो सिफारि | ४०८ |
| ३ | नाता प्रमाणित | ४३१ |
| ४ | जन्म, मृत्यु दर्ता | १७३२ |

<table>
<tr><td></td><td><table><tr><td>५</td><td>अन्य</td><td>३११७</td></tr><tr><td></td><td>जम्मा</td><td>७१४१</td></tr></table></td><td></td></tr>
<tr><td>३०</td><td>फ्रिज नगराएको : आर्थिक कार्याविधि नियमावली, २०६४ को नियम ३३(क) मा महालेखा नियन्त्रक कार्यालयले फ्रिज नहुने भनी तोकेको उपशिर्षहरुको हकमा वाहेक अन्य उपशीर्षकको सालतमाम हुनभन्दा कम्तिमा सात दिन अगाडी नै सम्बन्धित कार्यालयले भुक्तानी दिनुपर्ने रकमहरु भुक्तानी दिई आर्थिक कारोवार बन्द गर्नुपर्ने र यसरी आर्थिक कारोवार वन्द गरेपछि निकासा तथा खर्चको लेखा अद्यावधिक गरी बांकी रहेको रकम सम्बन्धित कार्यालयले कोष तथा लेखा नियन्त्रक कार्यालयमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । त्यस्तै स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४३(५) मा नेपाल सरकारको केन्द्रीय बजेट मार्फत कार्यालयलाई प्राप्त भएको रकम खर्च नभई वर्षान्तमा बांकी हुन आएमा त्यस्तो बांकी रकम कोष तथा लेखा नियन्त्रक कार्यालयमा फिर्ता पठाई फ्रिज गर्नु पर्ने व्यवस्था छ । कार्यालयले आर्थिक बर्षको अन्तमा फ्रिज गर्नु पर्ने रकमहरु मध्ये रु. १८९४५२६९।६१ राजश्व शिर्षक अनुदान फिर्तामा र रु.४४७६००। राजश्व शिर्षक निकासा फिर्तामा गरि जम्मा रु.१९३९२८६९।६१ मिति २०७६।४।१४ मा नेपाल बैंक लिमिटेडमा दाखिला गरेको छ ।</td><td></td></tr>
<tr><td></td><td>कृषि :</td><td></td></tr>
<tr><td>३१</td><td>बढि भुक्तानी : कार्य संचालन निर्देशिका, २०७५ परिच्छेद ६ स्थानिय तहमा संचालित विभिन्न किसिमका तालिमहरुमा संयोजक भत्ता, प्रतिवेदनक भत्ता लगायत अन्य सबै किसिमका भत्ताको व्यवस्था गरेको छ । नगरपालिकाले IPM तालिम वडा नं.८ मा काउली र बन्दा १६ हप्ता नर्सरी देखी टिप्ने बेलासम्मको हप्ताको १ दिन र थप २ दिन छलफल गरी १८ दिनको समन्वय भत्ता दिनको ४०० र यातायात खर्च रु.१०० का दरले लिनु पर्नेमा निम्न कर्मचारीले बढि भुक्तानी लिएको रकम सम्बन्धीत बाट असुल गर्नु पर्ने रु.</td><td>४६००.०</td></tr>
<tr><td></td><td><table>
<tr><td>भु लिनेको नाम</td><td>कार्यक्रमको नाम</td><td>भु. हुनुपर्ने रकम</td><td>भु.भएको रकम</td><td>बढि भु.रकम</td></tr>
<tr><td>लक्ष्मी वाग्ले</td><td>IPM तालिम सहजकर्ता खर्च</td><td>७२००.०</td><td>९२००.०</td><td>२०००.०</td></tr>
<tr><td></td><td>यातायात खर्च</td><td>१८००.०</td><td>२१००.०</td><td>३००.०</td></tr>
<tr><td>लक्ष्मी घिमिरे</td><td>IPM तालिम सहजकर्ता खर्च</td><td>७२००.०</td><td>९२००.०</td><td>२०००.०</td></tr>
<tr><td></td><td>यातायात खर्च</td><td>१८००.०</td><td>२१००.०</td><td>३००.०</td></tr>
<tr><td></td><td>जम्मा</td><td>१८०००.०</td><td>२२६००.०</td><td>४६००.०</td></tr>
</table></td><td></td></tr>
<tr><td>३२</td><td>शिक्षा तथा खेलकुद :</td><td></td></tr>
<tr><td>३२.१</td><td>विद्यालयगत निकासा खाता : कार्यालयले प्रत्येक विद्यालयको स्थायी र अस्थायी दरबन्दी र राहत कोटामा कार्यरत शिक्षकहरुको नाम, नियुक्ति मिति, तलव ग्रेड र विद्यालयलाई निकासा जाने सवै रकमहरु देखिने गरी विद्यालयगत निकासा खाता अद्यावधिक गरेको देखिएन । यसरी निकासाका रुपमा जाने तलव, भत्ता र विभिन्न अनुदान रकमहरुको विद्यालयगत स्थिती स्पष्ट हुन सकेन । अतः विद्यालयलाई जाने सवै रकमहरु देखिने गरी सफ्टवेयरमा प्रविष्टि गरी विद्यालयगत रकम निकासाको एकिकृत अभिलेख तयार गरिनु पर्दछ ।</td><td></td></tr>
<tr><td>३२.२</td><td>दरबन्दी मिलान:शिक्षक दरवन्दी शिक्षा नियमावलीले व्यवस्था गरे अनुसार विद्यालयगत शिक्षकको दरवन्दी मिलान गर्नुपर्नेमा यस नगरपालिका कार्यालयसँग जिल्ला शिक्षा ईकाइ कार्यालयले उपलब्ध गराएको विवरण अनुसार प्रावि. नि.मा.वि. मा.बि. मा राहात समेत गरी जम्मा २९० जना दरवन्दी मौज्दात देखिएता पनि नगरपालिकाले विद्यालयको अवस्था, विद्यार्थीको अवस्था विद्यार्थीको संख्या यकिन गरी दरवन्दी मिलान गरेको देखिएन । अतः यसरी दरवन्दी मिलान वेगर नगरपालिकाले गरेको शिक्षकहरुको सरुवालाई विश्वसनीय छ भन्न सक्ने अवस्था र शिक्षकको तलव निकासा वास्तविक खर्च हो भनी यकिन गर्न सकिएन ।</td><td></td></tr>
<tr><td>३२.३</td><td>कार्यक्रम कार्यान्वयन पुस्तिका २०७५।७६ को क्रियाकलाप नं २.१५.११.७७० मा उल्लेख गरे बमोजिम बुक कर्नर व्यवस्थापन गर्न कक्षा १-५ को लागी १५७५००। कक्षा ६-१० को लागी रु.९६२९०० र कक्षा ११-१२ को लागी रु. २५०००० गरी जम्मा रु.१३७०४०० अनुदान निकासा दिएकोमा सो कार्य गरे नगरेको बारे कार्यालयले अनुगमन गरेको देखिएन । अत कार्यालयले अनुगमन गर्न तर्फ ध्यान दिनु पर्ने देखिन्छ ।</td><td></td></tr>
</table>

| | | |
|---|---|---|
| ३३ | **प्रधानमन्त्रि रोजगार कार्यक्रम:** स्थानीय तहमा सुचिकृत बेरोजगार व्यत्तिलाई न्यूनतम रोजगारी प्रत्याभुत गराउन एवम् सामुदायिक पुर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउन प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन भएको छ । नगरपालिकामा यस वर्ष प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन जम्मा निकासा रु २३२००००। भएकोमा जम्मा रु १०३५०७८। खर्च भएको देखिन्छ ।<br>प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को दफा २ (ट) मा बेरोजगार व्यक्तिलाई स्थानीय तहको रोजगार सेवा केन्द्रमा सुचिकृत गरि परिचय पत्र वितरण गर्नुपर्ने व्यवस्था गरेको छ । त्यसैगरी कार्यविधिको दफा १३ (१) मा रोजगार सेवा केन्द्रमा सुचिकृत बेरोजगार व्यक्तिहरु मध्येबाट निर्देशिकाको दफा २१ को उपदफा (३) बमोजिमको प्राथमिकताक्रमका आधारमा काममा खटाउनु पर्ने व्यवस्था गरेको छ । नगरपालिकाले बेरोजगार व्यक्तिहरुको सुचिकृत गरि बेरोजगार परिचयपत्र वितरण गरेर प्राथमिकताको आधारमा मात्र कामका लागि पारिश्रमिक कार्यक्रममा सहभागि गराउनु पर्नेमा गरेको छैन । वडाको सिफारिशको आधारमा मात्र कामदारहरु छनौट गरि कार्यक्रम सञ्चालन गरेको देखिँदा वास्तविक बेरोजगार व्यक्तिहरुले नै रोजगारी प्राप्त गरे भन्ने आधार रहदैन ।आयोजना सञ्चालन पुर्व स्थानीय तहले प्राविधीक कर्मचारी खटाई प्राविधिक प्रतिवेदन तयार गर्नुपर्ने तथा सोको नियमित प्राविधिक सुपरिवेक्षण र अनुगमन गर्नुपर्नेमा गरेको प्रतिवेदन संलग्न भएको छैन । कानुनमा भएको व्यवस्थाको पालना गर्दै सुचिकृत बेरोजगार हरुले रोजगारी पाउने अवस्थाको सृजना गरेर, रोजगार व्यवस्थापन सुचना प्रणालिलाई अद्यावधिक गर्दै कामका लागि पारिश्रमिक कार्यक्रमलाई विश्वासनिय तथा प्रभावकारी बनाउनु पर्दछ । | |
| ३४ | **सामाजिक सुरक्षा**<br>**नाम नबिकरण:** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यबिधि २०७५ को दफा ७ (१) मा हाल भत्ता प्राप्त गरिरहेका सबै प्रकारका लाभ ग्राहीहरुले आगामी आर्थिक बर्ष भित्र भत्ता लिन चाहेमा दफा ६(१)मा उल्लेखित समयावधि भित्र वडा कार्यालयमा दरखास्त दिनु पर्ने व्यवस्था छ । यस नगरपालिका कार्यालयका उल्लेखित ब्यवस्था अनुसार दरखास्त लिई अधिकाशं लाभग्राहीको नाम नबिकरण नगरी बिगत बर्षहरुमा भत्ता पाई राखेकाहरुको नामावली लाई नै नबिकरण मानी भत्ता बितरण गर्ने गरेका कारणले नगरपालिकाले अनुमान गरेको अनुमानित बजेट एकिन हुन नसकी बढी बजेट अनुमान गर्ने गरेको देखिन्छ । अतः कार्यालयले लाभग्राहीहरुको नामावली कार्यबिधिमा उल्लेखित भएको ब्यवस्था अनुसार नबिकरण गराउनु पर्ने देखिन्छ । | |
| ३४.१ | **लगत अद्यावधिक नगरी खर्च लेखेको :** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ को दफा ६ वमोजिम नाम दर्ता तथा नवीकरणवाट आगामी आर्थिक वर्षको लागि कायम हुन आएको लाभग्राहीहरुको संख्यात्मक विवरण प्रत्येक गाउँपालिका तथा नगरपालिकाको पौष मसान्त भित्र अनुसूचि ५ वमोजिमको ढाँचामा लगत अद्यावधिक गरी सोही अनुसार भुक्तानी गर्नु पर्ने प्रावधान छ । शुक्लागण्डकी नगरवपालिका अन्तर्गतका ९ वटै वडाहरुले भत्ता वितरण कार्यको लागि तोकिएको ढाँचामा चौमासिकगत लगत अद्यावधिक नगरी खर्च लेखेको पाइयो । यसरी भत्ता वितरण गर्दा वास्तविक लाभग्राहीहरुको संख्या एकिन गर्न नसकिने साथै कार्यविधिको परिपालना समेत नगरेको पाइयो । गाँउपालिकाले कार्यविधिको परिपालना गर्नेतर्फ ध्यान दिनुपर्दछ | |
| ३५ | **स्वास्थ्य :** | |
| ३६.१ | **औषधी खरिद** : सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा सार्वजनिक निकायले सम्भव भए सम्म खुला रुपमा बोलपत्र आह्वान गरी काम गर्नु पर्नेछ भन्ने व्यवस्था गरेको छ । नगरपालिकाले पालिकालाई आवश्यक औषधी खरिद गर्न रु. १२८१३०८। मा विभिन्न सप्लार्यसबाट खरिद गरेको छ । ऐनको व्यवस्था विपरित औषधि खरिद गरीने नियम संबत नदेखिएको रु. | १२८१३०८.० |

**अनुसूची– १**

## भिमाद नगरपालिकाकोसञ्चित कोष विवरण
## २०७५।७६

**प्रदेश : गण्डकी** (रु.हजारमा)

| क. सं. | स्थानीय तह | जिल्ला | आय | | | | जम्मा आय | व्यय | | | | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गत वर्षको जिम्मेवारी | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | | चालु खर्च | पूँजीगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| | | | १ | २ | ३ | ४ | ५ (२+३+४) | ६ | ७ | ८ | ९ (६+७+८) | १० १+५-९) |
| १ | भिमाद नगरपालिका | तनहुँ | ८७९३४ | १०६१०० | २८५६६९ | ९२९२८ | ४८४६९७ | २८१५७८ | १८३४६६ | २३८५४ | ४८८८९८ | ८३७३३ |

**अनुसूची– २**

## बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## २०७५।७६

**(रु.हजारमा)**

| सि. नं. | जिल्ला | स्थानीय तहको नाम | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजू | | | वाँकी बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजश्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिए को | जम्मा | कर्मचारी | अन्य | जम्मा |
| १ | भिमाद नगरपालिका | तनहुँ | ३४ | १० | ५५६४ | ० | ० | ० | ३४ | १० | ५५६४ | ८२१ | ४७४३ | ० | ० | ० | ४७४३ | ० | ० | ० |

**अनुसूचि ३**

## अद्यावधिक वेरुजू स्थिति

**(रु. हजारमा)**

| क्र. सं. | स्थानीय तह | जिल्ला | गत बर्ष सम्मको बाकी | यो वर्षको फछ्र्यौट | बाँकी | यो वर्ष सं.प.वाट कायम भएको वेरुजू | यो वर्षको वेरुजू | कुल बाँकी वेरुजू |
|---|---|---|---|---|---|---|---|---|
| १ | भिमाद नगरपालिका | तनहुँ | १०५८ | २९७ | ७६१ | | ४५४५ | ५३०६ |